जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २८ •अंक १५० • २०८३ साल आश्विन ३१ गते शनिबार (17 October, Saturday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## कांग्रेसको १५ औँ महाधिवेशनः सहमहामन्त्रीमा चौरसिया निर्वाचित

टुडे समाचारदाता



जनकपुरधाम।नेपालीकांग्रेसको १५औं महाधिवेशनबाट अजयकुमार चौरसिया सहमहामन्त्री पदमा निर्वाचित भएका छन् । मधेशी क्लस्टरतर्फको सहमहामन्त्रीमा निर्वाचित चौरसियाको जितसँगै पर्साले पार्टीको केन्द्रीय पदाधिकारी तहमा प्रतिनिधित्व पाएको छ।

पर्साका चौरसियाले सहमहामन्त्री पदको प्रतिस्पर्धामा निवर्तमान सहमहामन्त्री महेन्द्र यादव, संसदीय दलका उपनेता अभिषेकप्रताप शाह, किरण यादव, रामपल्टन साह, नगिना यादव, मुक्ताकुमारी यादव र मनिषकुमार मिश्रलाई पछि पारेका छन् । उनले महेन्द्र यादवलाई २३४ मतको अन्तरले पराजित गरेको छ। यस अघि १४औं महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित भएका चौरसियाले यसपटक पदाधिकारी तहमा सफलता हासिल गरेका हुन् ।

यता कांग्रेसको १५ औं महाधिवेशन अन्तर्गत सबै तहका मतगणना सम्पन्न भएको छ।

कांग्रेसको १५ औं महाधिवेशनमा नयाँ नेतृत्व चयनका लागि भएको चुनावको सबै मतगणना शुक्रबार बिहान सकिएको निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिए ।

मधेश प्रदेश र बागमती प्रदेशको अन्तिम परिणाम आएसँगै यही असोज २३ गते रातिदेखि थालिएको सम्पूर्ण पदको मतगणना सकिएको उनले बताए।

लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, उपत्यका, श्रमिक, सहिद परिवार तथा द्वन्द्वपीडितको तर्फबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यको मतगणना राति नै सकिएको निर्वाचन समितिका सदस्य सचिव कटुवालले बताए।

त्यसैगरी सहमहामन्त्री तथा खुला र महिला केन्द्रीय सदस्य चयन हुने खस आर्य र थारू तर्फको मतगणना पनि राति अबेर सकिएको उनले बताए। अन्य पदहरूको भने यसअघि नै गणना सम्पन्न भइसकेको थियो । मतगणना कार्य झण्डै एक हप्तामा सकिएको छ । राष्ट्रिय सभागृहमा गरिएको सभापतिको मतगणनाको परिणाम २४ गते बिहानै घोषणा भएको थियो।

निर्वाचित सबै पदाधिकारी तथा सदस्यको प्रमाणपत्र वितरण तथा शपथ ग्रहण कार्यक्रम भने दशैंलगत्तै गरिने जानकारी दिइएको छ।

### मधेशमा नयाँ सत्ता समीकरणको चर्चा

# संकटमा मुख्यमन्त्री यादवको सरकार, १५ बुँदे समझदारी कार्यान्वयन नभएको एमालेको आरोप

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा सत्ता साझेदार दलहरूबीचको असमझदारी चुलिँदै जाँदा नेकपा (एमाले) सरकारबाट बाहिरिएको छ । एमालेले मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिनुका साथै सरकारमा सहभागी आफ्ना चार मन्त्रीले शुक्रबार सामूहिक राजीनामा दिएका छन् । एमालेको यो निर्णयसँगै प्रदेश सरकारको स्थायित्वमाथि प्रश्न उठेको छ भने नयाँ सत्ता समीकरणको सम्भावनाबारे राजनीतिक वृत्तमा चर्चा शुरु भएको छ।

एमालेले कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) लगायतका सत्ता साझेदार दलहरूबीच भएको १५ बुँदे समझदारी कार्यान्वयन नभएको भन्दै सरकारबाट बाहिरिने निर्णय गरेको जनाएको छ । सरकार सञ्चालनलाई प्रभावकारी बनाउने, सुशासन कायम गर्ने, विकास निर्माणका कामलाई गति दिने र जनताका समस्या सम्बोधन गर्ने विषयमा सहमति भए पनि त्यसअनुसार काम नभएको एमालेको आरोप छ।

एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले प्रदेश प्रमुखसमक्ष पत्र पठाउँदै सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णयबारे जानकारी गराएका छन्। पत्रमा पूर्वसहमति कार्यान्वयन नभएको विषयलाई गम्भीर रूपमा लिँदै समर्थन तत्काल प्रभावबाट फिर्ता लिने निर्णय गरिएको उल्लेख छ।

सरकारबाट बाहिरिएसँगै एमालेका तर्फबाट मन्त्री बनेका श्रम तथा यातायातमन्त्री शारदा देवी थापा, खेलकुद तथा समाजकल्याणमन्त्री लखन दास, भौतिक पूर्वाधार विकासमन्त्री मोहम्मद समिर र शिक्षा तथा



संस्कृतिमन्त्री मनोजकुमार सिंहले मुख्यमन्त्री यादवसमक्ष सामूहिक राजीनामा बुझाएका छन् । एमालेका प्रमुख सचेतक हरिनारायण महतोले समर्थन फिर्ता र मन्त्रीहरूको राजीनामाबारे जानकारी दिएका छन्।

प्रमुख सचेतक हरिनारायण महतोले जनाए अनुसार मधेश प्रदेश सरकारको कार्यशैली, विकास निर्माणका काममा देखिएको सुस्तता र पूर्वसहमति कार्यान्वयनमा भएको उदासीनताका कारण समर्थन जारी राख्नुको औचित्यमाथि पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ। एमालेले सरकारको कामकारबाहीप्रति असन्तुष्टि जनाउँदै बाहिरिने निर्णय गरेपछि सत्ता गठबन्धनभित्रको शक्ति सन्तुलनमा परिवर्तन आएको छ।

प्रमुख सचेतक महतोले आमजनताले सुशासनको अनुभूति गर्न नसकेको तथा सत्ता साझेदार दलहरूबीच भएका सहमतिका मुख्य बुँदा कार्यान्वयनमा उदासीनता देखिएको बताए।

एमालेको बहिर्गमनपछि मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सरकारको निरन्तरताका लागि बाँकी दलहरूको समर्थन कायम राख्नुपर्ने चुनौती थपिएको छ। प्रदेशसभामा कांग्रेसका २२, जनता समाजवादी पार्टी (जसपा) नेपालका २८, नेकपाका १५ र जनमत पार्टीका १२ प्रदेश सांसद छन्। त्यस्तै, एमालेका २४, नेपाल संघीय समाजवादी पार्टीका एक र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक जना प्रदेश सांसद छन्।

प्रदेशसभामा कायम कुल सदस्य संख्या र संविधान तथा संसदीय व्यवस्था अनुसार आवश्यक बहुमतको अवस्थाले सरकारको आगामी दिशा निर्धारण गर्नेछ । एमालेको समर्थन फिर्तापछि मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने संवैधानिक दायित्वसमेत उत्पन्न हुन सक्ने भएकाले सरकारले एक महिनाभित्रमा विश्वासको मत प्राप्त गर्नुपर्छ।

एमाले सरकारबाट बाहिरिए पनि आगामी दिनमा कुन दलसँग सहकार्य गर्ने वा नयाँ सरकार गठनका लागि कस्तो रणनीति अपनाउने भन्नेबारे स्पष्ट निर्णय सार्वजनिक गरेको छैन । यता कांग्रेस र नेकपाले सरकारलाई निरन्तरता दिन आवश्यक समर्थन जुटाउनुपर्ने देखिन्छ। विश्वासको मत प्राप्त गर्न नसकेमा नयाँ सत्ता समीकरण निर्माणको बाटो खुल्न सक्छ।

यस अघि पनि पूर्वमुख्यमन्त्रीसमेत रहेका एमाले संसदीय दलका नेता सरोजकुमार यादवले आफ्ना माग सम्बोधन नभए सरकारबाट बाहिरिने चेतावनी दिएको चर्चा थियो । पछिल्लो घटनाक्रमले सत्ता साझेदार दलहरूबीच लामो समयदेखि कायम असमझदारी औपचारिक राजनीतिक निर्णयमा परिणत भएको देखाएको छ। एमालेको बहिर्गमनपछि मधेश प्रदेशको सत्ता राजनीति थप अनिश्चित बनेको छ । अब मुख्यमन्त्री यादवले विश्वासको मत जुटाउनुपर्ने हुन्छ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवको सरकारले विश्वासको मत प्राप्त गर्न नसकेमा नयाँ सत्ता समीकरण निर्माण हुन सक्ने अड्कलबाजी पनि हुन थालेको छ।

प्रदेश सरकारको प्रमुख साझेदारमध्ये एक दल बाहिरिएपछि मधेशको सत्ता समीकरण पुनः परिवर्तन हुने सम्भावना बढेको छ।

# मधेश प्रदेशः सात जिल्लाको ३३ विद्यालयमा अर्बौंको लगानी

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका सात जिल्लाका ३३ सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधारका लागि ५ अर्ब ३४ करोड रुपैयाँ लगानी गर्ने योजना अघि बढिरहँदा सप्तरीका कुनै पनि विद्यालय छनोटमा परेका छैनन्। प्रदेशका आठमध्ये सात जिल्लाका विद्यालयले अवसर पाउँदा सप्तरी पूर्ण रूपमा छुटेपछि सरकारी छनोट प्रक्रिया, मापदण्ड र जिल्लागत प्राथमिकतामाथि प्रश्न उठेको छ। जबकी सबैभन्दा बढी रौतहटमा दर्जन जति विद्यालयलाई दिइएको छ।



शिक्षा तथा खेलकुद मन्त्रालयले देशभरका १०९ सामुदायिक विद्यालयको भौतिक संरचना सुधार गर्न ६ अर्ब ५४ करोड रुपैयाँ विनियोजन गरेको विवरण सार्वजनिक भएको छ। त्यसमध्ये पहिलो चरणमा ८९ विद्यालय छनोट गरी ५ अर्ब ३४ करोड रुपैयाँ निकासा गरिएको बताइएको छ। योजना अन्तर्गत प्रतिविद्यालय करिब ६ करोड रुपैयाँको लागतमा १२ कोठे तीनतले भवन निर्माण गर्नुका साथै प्रयोगशाला र पुस्तकालयको व्यवस्था गर्ने लक्ष्य राखिएको छ।

सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार, विद्यार्थीलाई अनुकूल शैक्षिक वातावरण उपलब्ध गराउने र सार्वजनिक शिक्षाको गुणस्तर बढाउने उद्देश्यले अघि बढाइएको यो योजना महत्वपूर्ण मानिन्छ। तर, ठूलो लगानीको यस्तो कार्यक्रममा मधेश प्रदेशको सप्तरी जिल्ला समेटिन नसक्नुले सरकारी प्राथमिकता निर्धारणको आधारबारे चासो बढाएको छ।

मधेश प्रदेशका लागि छनोट भएका ३३ विद्यालयमध्ये रौतहटका ११, धनुषा र बाराका पाँच-पाँच, पर्साका चार, महोत्तरी र सर्लाहीका तीन-तीन तथा सिरहाका दुई विद्यालय छन्। सप्तरीका भने एउटा पनि विद्यालय सूचीमा परेका छैनन्।

जिल्लागत रूपमा हेर्दा रौतहटले सबैभन्दा बढी ११ विद्यालय पाएको छ। धनुषा र बाराका पाँच-पाँच तथा पर्साका चार विद्यालय छनोट भएका छन्। महोत्तरी र सर्लाहीका तीन-तीन तथा सिरहाका दुई विद्यालयले अवसर पाउँदा सप्तरी भने पहिलो चरणको सूचीबाट पूर्ण रूपमा बाहिरिएको छ।

यसले स्वाभाविक रूपमा प्रश्न उठाएको छ। सप्तरीका विद्यालयले निर्धारित मापदण्ड पूरा नगरेका हुन् वा छनोट प्रक्रियामा जिल्लाका विद्यालयको आवश्यकताको उचित मूल्यांकन हुन सकेन ?

मन्त्रालयले छनोटको आधार, विद्यालयको मूल्यांकन विधि र जिल्लागत आवश्यकतासम्बन्धी विस्तृत विवरण सार्वजनिक नगर्दासम्म यसबारे निष्कर्ष निकाल्न सकिने अवस्था छैन।

योजनामा दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत सामुदायिक विद्यालयलाई प्राथमिकतामा राखिएको बताइएको छ। यदि विद्यार्थी संख्या छनोटको प्रमुख आधार हो भने सप्तरीमा उक्त मापदण्ड पूरा गर्ने विद्यालय छन् कि छैनन् भन्ने तथ्य सार्वजनिक हुनुपर्छ।

त्यस्तै, विद्यालय भवनको अवस्था, कक्षाकोठाको अभाव, प्रयोगशाला तथा पुस्तकालयको उपलब्धता र विद्यार्थीको चापजस्ता पक्ष पनि मूल्यांकन गरिएको हो भने ती सूचकका आधारमा जिल्लागत विवरण सार्वजनिक गर्नु आवश्यक छ।

सप्तरीमा मापदण्ड पूरा गर्ने विद्यालय नै नभएका हुन् भने त्यसको तथ्यांकसहित जानकारी दिनुपर्छ। मापदण्ड पूरा गर्ने विद्यालय हुँदाहुँदै छनोटमा नपरेका हुन् भने त्यसको कारण स्पष्ट पारिनुपर्छ। छनोट प्रक्रिया अझै जारी छ भने आगामी चरणमा समेटिने विद्यालयका आधार र समयतालिकाबारे पनि मन्त्रालयले जानकारी दिनुपर्छ।

योजनाले देशभरका १०९ विद्यालयलाई लक्षित गरिएको भए पनि पहिलो चरणमा ८९ विद्यालय छनोट गरिएको बताइएको छ। यस अनुसार बाँकी २० विद्यालयको छनोट प्रक्रिया, बजेट व्यवस्था र कार्यान्वयनको अवस्थाबारे पनि स्पष्टता आवश्यक छ। पहिलो चरणमा छुटेका विद्यालय अर्को चरणमा स्वतः समेटिन्छन् भन्ने निश्चित छैन। त्यसैले बाँकी विद्यालय छनोट गर्ने प्रक्रिया के हो र त्यसमा सप्तरीका विद्यालयले अवसर पाउने सम्भावना छ कि छैन भन्ने विषयमा मन्त्रालयको औपचारिक धारणा आवश्यक देखिन्छ।

सिरहाको दुई विद्यालय, धनुषाको पाँच विद्यालय, महोत्तरीको तीन विद्यालय, सर्लाहीको तीन विद्यालय, रौतहटको ११ विद्यालय र पर्साको चार, बाराको पाँच वटा विद्यालय रहेको जनाइएको छ। सबैभन्दा बढी रौतहट जिल्लाको विद्यालयमा सरकारले लगानी लगाएको छ।

सामुदायिक विद्यालयको पूर्वाधारमा अर्बौं रुपैयाँ लगानी हुनु स्वागतयोग्य कदम रहेको देखिए पनि कुनै जिल्लाको एउटा पनि विद्यालय नपर्नु र कुनै जिल्लाको करिब दर्जन जति विद्यालय पर्नु पनि विभेद रहेको सप्तरीका एक शिक्षकले टिप्पणी गरे। तर बजेटको आकारले मात्रै शैक्षिक सुधारको सुनिश्चितता गर्दैन। लगानी आवश्यकताका आधारमा वितरण भयो कि भएन, छनोट प्रक्रिया पारदर्शी थियो कि थिएन र पछाडि परेका विद्यालयलाई अवसर दिने व्यवस्था छ कि छैन भन्ने विषय पनि उत्तिकै महत्वपूर्ण छन्।

सप्तरीका विद्यालय सूचीमा नपर्नुको कारण अनुमान वा आरोपका आधारमा होइन, तथ्यांक र मन्त्रालयको स्पष्ट जवाफबाट सार्वजनिक हुनुपर्छ। सरकारले जिल्लागत मूल्यांकन, छनोटका मापदण्ड र बाँकी विद्यालयसम्बन्धी योजना सार्वजनिक गरेमा निर्णयप्रतिको विश्वास बढ्नेछ।



# दूर्गा पूजाको सातौ दिन कालरात्रीको पूजा

*एकवेणी जपाकर्णपूरा नग्ना खरास्थिता।*
*लम्बोष्ठी कर्णिकाकर्णी तैलाभ्यक्तशरीरिणी।।*
*वामपादोल्लसल्लोहलताकण्टकभूषणा।*
*वर्धनमूर्धध्वजा कृष्णा कालरात्रिर्भयंकरी।।*

वडा दशैंको सातौ दिन अत्यन्त महत्वपूर्ण मानिन्छ ।दूर्गा माताको सातौ स्वरुपलाई कालरात्रीको रुपमा पुजा गरिन्छ । कालो वर्ण भएकी खप्पड र खड्ग धारण गरेकी असुर शक्तिलाई विनाश गर्ने माता कालीको कालरात्रीको रुपमा पूजा गरिन्छ ।

उहाँको नामले नै माताको कल्याणकारी स्वरुपको वर्णन हुन्छ ।उहाँको शरिरको रंग अत्यन्त अँध्यारो देखिने कालो छ ।नामले नै उहाँको भयानक स्वरुपको वर्णन हुन्छ ।टाउकोको कपाल खुल्ला छ । घाँटीमा बिजुली जस्तो चम्किलो माला छ ।अन्धकारमय परिस्थितिको विनास गर्ने शक्ति स्वरुपाको नाम कालरात्री हो ।कालबाट पनि रक्ष ागर्ने माता कालरात्री हो । दूर्गा पूजा विधि विधान अनुसारको उहाँको मुख्य पूजा मध्यरातीमा हुन्छ ।मानिस र जिवजन्तहरु समेत गहिरो निद्रामा हुन्छन् , त्यती बेला माता कालरात्रीको पूजा गरिन्छ ।

माता कालरात्रीको तीन नत्र रहेको छ ।तीनै नेत्र ब्रम्हाण्ड जस्तो गोलाकार छ ।उहाँको श्वासबाट अग्नी प्रज्वलित हुने गर्छ । उहाँको सवारी गंदर्भ (गदहा) हो ।उहाँको चार हात मध्ये दाहिने तर्फको माथिल्लो हात वर मुद्रामा रहेको छ ।उक्त हातबाट माताले भक्तहरुलाई वर प्रदान गर्नु हुन्छ ।

दाहिने तर्फको तलको हात अभय मुद्रामा रहेको छ । यसले भक्त सदैव निर्भय, निडर रहन्छन् ।बायाँ तर्फको माथिल्लो हातमा फलामको धारिलो हतियार (काँटा) र तलको हातमा खड्ग रहेको छ ।उहाँको रुप भयंकर हो ।



माता

तर उहाँ कल्याणकारी सदैव शुभ फल प्रदान गर्ने हुन् ।त्यसैले उहाँको नाम शुभंकारीपनि हो ।उहाँको साधकहरुलाई कुनै प्रकारको भयबाट कतैपनि डराउनु पर्दैन् ।उहाँको साक्षात्कारबाट सबै पुण्यको भागी बन्छन् ।

माता कालरात्रिको उपासना गर्नाले ब्रह्मांडको सम्पूर्ण सिद्धिको द्वार खुल्न थाल्छन् ।सम्पूर्ण असुरी शक्ति उहाँको नामको उच्चारणले नै भयभीत भएर टाढा भाग्न थाल्छन् ।त्यसकारण दानव, दैत्य, राक्षस र भूत-प्रेत उहाँको स्मरणले नै भाग्छन् ।

उहाँले ग्रह बाधाहरुलाई हटाउनु हुन्छ । अग्नि, जल, जंतु, शत्रु र रात्रि भय उहाँको स्मरणले नै हट्छ । माता कालरात्रीको कृपाले भक्त सबै प्रकारको भयबाट मुक्त हुन्छन् ।

माता कालरात्री सर्वदा कल्याणी हुनुहुन्छ ।कालरात्री माताको साधकहरु सदैव भय भुक्त भएर मध्य राती(काल रात्री)मा उहाँको अराधना गर्छन् ।

माता कल्याणीको भक्ती अराधनाले सम्पूर्ण रुपमा भक्तजनको मनकामना पूर्ण हुन्छ ।

वडा दशैंमा दूर्गा भवानीको सातौ दिनको पूजालाई सर्वाधिक महत्व दिएको हुन्छ ।सो दिन दूर्गा मन्दिरहरुमा विशेष पूजा गरिन्छ

।कतिपय स्थानमा सप्तमी र अष्टमीको दिन कालरात्री माताको पूजाको अवसरमा बली प्रदानपनि गरेको पाईन्छ ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाएका कविता/गजलहरु

## ।। परदेशीको दशैं ।।

के दशैं,के तिहार यहाँ परदेशीलाई,
के रात र के दिन अनि,
के घाम र के छहारी आमा यहाँ,
अभागी र दुःखी परदेशीलाई ।
यसै बित्छ आमा यहाँ,
वर्ष दिनमा आउने चाडबाड पनि,
यसै बित्छ घरको यादमा,
कैयौँ दशैँ र तिहार पनि ।
याद आउँछ यहाँ आमा ! अझै,
गाउँघरको पिङको मच्चाई अनि,
साथीभाइ सँगको पल रमाइलो,
यता एक्लो कोठामा हुन्छ यो मन धमिलो ।
वर्षदिनको चाडबाडमा आउँन नपाउँदा,
यो मन साह्रै दुख्छ आमा,
झलझली याद आई भक्कानिन्छ यो मन
साईतको टीका लाउने समय जब हुन्छ आमा ।
उता टीका लाउने बेलामा,आमा !
यहाँ काम गर्न जानुपर्छ,
यता काम गर्दैगर्दा आमा,
घरपरिवारको याद झल्झल आउँछ ।
यो वर्ष त यस्तै भयो आमा !
अर्को वर्ष पक्कै आउनेछु,
आफ्नै देशमा सुन्दर भविष्य बनाई,
घरकै आँगनमा खुसीको गीत गाउनेछु ।



लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग. चा.न.पा.१ (धनुषा)

## ।। घर घर मे दशै एलै ।।

घर घर मे दशै एलै
माता भवानी के पुजा भेलै
कोइ चढैलैकै फुल पान
कोइ कैलक माता भवानी के ध्यान
माता भवानी रक्षा करतै
सबके मनोकामना पुरा करतै
माता भवानी छै बड दानी
सबके करै छै कल्याण
निक कर बला पर रहै छै महरवान
खराब कर बला के लै छै जान
माता भवानी छै महान
सब करु माता दुर्गा के गुण गान
महिमा हुनकर अपार छै
बाघक सबार अछि
जगत के करै कल्याण
माता भवानी के जपु नाम



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। माँ दुर्गा ।।

माता रानी के दरवारमे सच्चे मनसे जोकोइ ध्याने
उनसे माँ भवानीका प्यार हे बसे ममताका भण्डार हे अवला पुजती हे
विधवा सेहो जपती हे निर्धन भि आरती उतारति हे
सोलहो श्रृंगार केके कन्यायो सब माँ दुर्गा कि भोग लगाति हे
भगतोके भिडमे दुर्गा माँ भवानी कि सवपे कृपा हे नरनारी के मनकि
मुराद माँ दुर्गा अनुग्रहित करति हे
नवरात्रि कि नवौ दिन जो दुर्गा देवीकि वन्दगि करतिहे उसकि मनोरमा
आन्नदित रहति हे
माता रानि करुणाके सागर सवकि झोलि खुशियोसे भरदेतिहे शेरकि
सवारि माँ दुर्गा कि कसाइयो को संहार करतिहे अवलाको
विधवा को जिनेकि राह देतिहे निर्धनको यशवैभव देतिहे कन्याको मन
प्रफुल्ल रखति हे वैष्णवो का मिष्ठान्न भोग लेतिहे
सहारा देतिहे भक्तोके बेल कुम्मर काभि बलि स्विकारति हे भगताकि
भि पाठिखँसि कबुलति हे सव पृथ्विलोकोकि शान्तिसुरक्षा
प्रदान करति हे
शैलपुत्रि मातादेविकि आराधना कलशथापन दिनसे शिद्धिदात्रि
मातादेविकि नवरात्रि दिनके माँ दुर्गा सबकि भक्ति कबुलतिहे
माता रानि दुर्गेश्वरी सबकि मनमे समायल हे
माँ दुर्गा असुरोको खात्मा और भक्तोकि उदय करे हे विजयादशमिके
दिन सर्वव्यापी हर्षोल्लास होति हे



कवि प्रमोद राम
जनकपुरधाम

## ।। इन्द्रेश ।।

इमानदार सहयोगी उनी, कर्मठ अनि सच्चा,
दुःखीको सहारा बन्छन्, चाहे वृद्ध होस् या बच्चा।
स्वार्थ बिनाको सेवा उनको, ओठमा सधैं मुस्कान,
संकट पर्दा जो कोहीलाई, दिन्छन् सधैं ध्यान।
आफ्नो जीवन सुम्पिदिए, समाजकै हितका लागि,
परिवर्तनको दियो बाली, अघि बढ्छन् सधैं जागी।
हरेक मनमा बस्न सफल, उच्च छ उनको सान,
सबैका प्रिय इन्द्रेश हुन्, यो धर्तीका सन्तान।
निराशालाई चिर्दै उनी, आशाको दीप बाल्छन्,
जता जान्छन् त्यतै उनी, खुसीका रङ्ग छर्छन्।
सकारात्मक सोच छ उनको, दृढ छ उनको पाइला,
सद्भाव र एकताको, फुलाउँछन् सधैं मखमली भाइला।
कठिनाइमा दरिलो खम्बा, सेवा नै हो धर्म,
संसारले नै तारिफ गर्छ, देखि उनको कर्म।
निस्वार्थी ती भावनाले, सधैं अघि बढुन् उनी,
इन्द्रेश जस्तो मान्छे पाउनु, यो समाजकै हो गुनी।
अँध्यारोलाई उज्यालो पार्ने, उनी एक तारा हुन्,
सबैलाई अघि बढाउने, नेतृत्वका साझा अभिभारा हुन्।
परोपकारको बाटोमा, कहिल्यै उनी थाक्दैनन्,
इन्द्रेशको यो सत्कर्मलाई, कसैले भुल्न सक्दैनन्।



नाम : सञ्जय कुमार याादव
ठेगाना: मधेश प्रदेश, धनुषा, मुखियापट्टी मुसहरनिया

## ।। किन यस्तो भयो होला ? ।।

कतै सुक्खा न सुख जमिन भयो
कतै पानीमा डुब्यो ठूला घरहरू
कतै भोकले मानव मरिरहेछ
कतै अन्नको भयो फालाफाल
किन यस्तो भयो होला खै किन यस्तो भयो होला?
कतै सुनै सुनलाई शरीर ढाकेको छ
कतै एउटा कपडा पाउन तर्सेछन्
कतै पढाइमा लाखौंकरोडौं तिरिसकेछ
कतै सरकारीमा पढ्न नि तर्सेका छन्
किन यस्तो भयो होला खै किन यस्तो भयो होला?
कतै झुठले संसार जितेका छन्
कतै सत्य भएर नि अपमान सहेका छन्
कतै सडकमा बस्न बाध्य भएछ
कतै व्यक्ति पिछे महल बन्नेछ
किन यस्तो भयो होला खै किन यस्तो भयो होला?
कतै हरियाली नै हरियाली भरेछन्।
कतै बालुवा नै बालुवाले मरुभूमि बनेका छ
कतै साधुसन्तको बास बसेछन्
कतै राक्षस भएझै आभास भएछन्।।
किन यस्तो भयो होला खै किन यस्तो भयो होला?



नाम :शुशिला महतो (शिक्षिका)
ठेगाना: धनुषाधाम

## ।। आँनो बाटो ।।

सबैले आफ्नो बाटो रोजे। म भने अझैआफ्नो सपना समातेर हिंडिरहेको छु। धेरैले हाँसे। धेरैले "हुँदैन" पनि भने। कतिले मेरो प्रयासलाई समयको बर्बादी ठाने।
तर कसैले मेरो मनभित्रको आगो देखेन।
हरेक असफलतालेमलाई रोक्न खोज्यो। तर हरेक बिहानमेरो विश्वास फेरि जाग्यो। किनकि अरूको विश्वासले होइन, आफ्नो हिम्मतले जीवन बदलिन्छ।
र एक दिनयही बाटोले मेरो परिचय बनाउनेछ।
जीवनको सत्यः संसारले तिमीलाई
विश्वास गर्ने दिनभन्दा पहिले, तिमीले आफूलाई विश्वास गर्न सिक्नुपर्छ।



नाम: ईन्द्र कुमार महतो
ठेकाना: गौशाला नगरपालिका वडा नम्बर ८ महोत्तरी
हाल बसाई: काठमाडौं

## ।। झिल्का कविता ।।

क)
जहिल्यै वचनले हान्यौ
सहिरहें मैले चुपचाप
आँखाको फुलो ठान्यौ ।
ख)
एक्लै बसी रुन्थें
गल्ती तिमी गर्थ्यौ
दोषी आफू हुन्थें ।
ग)
तिमी खुसी हुनू
म रोए पनि
सधैँ उचाइ छुनू ।
घ)
खत्तम रहेछ भाग्य
सोचेर बस्दा यसो
मनमा चल्छ वैराग्य ।
ङ)
लगाउन्न कुनै कर
स्वतन्त्र छौ तिमी
आफ्नो खुसी गर !
च)
नसके पनि बेर्न
अङ्गालोमा प्रिय तिमीलाई
सकूँ खुसीले हेर्न ।
छ)
सक्दिनँ यादहरू मेट्न
माफ गर मलाई
आएर तिमीलाई भेट्न ।
ज)
मुटुमा पाउँछु जहिल्यै
भुल्छु भन्दा तिमीलाई
भुल्न सकिनँ कहिल्यै ।
झ)
नहुनू मदेखि रुष्ट
हितैषी हुँ तिम्रो
होइन कदापि दुष्ट ।



वसन्त अनुभव
वसन्तविहार, घोराही, दाङ

## ।। गजल ।।

तिमी गएपछि पनि तिम्रो याद जान सकेन,
यो मनले तिम्रो ठाउँमा अरूलाई राख्न सकेन।
भेटिँदा मुस्कुराउने ती आँखाहरू सम्झिन्छु,
छुट्टिएपछि आँसु रोक्न कहिल्यै सकेन।
समयले भन्यो– "बिर्सिदेऊ, सबै ठीक हुन्छ,"
तर मनले तिम्रो नाम बिर्सन मानेन।
हामीबीच अब कुनै सम्बन्ध बाँकी छैन होला,
तर मनले त्यो सम्बन्धलाई मृत भन्न सकेन।
तिमी खुसी छौ भने मेरो हार पनि स्वीकार छ,
माया थियो, त्यसैले तिमीलाई दोष दिन सकेन।
कहिलेकाहीँ लाग्छ, फर्किएर आउँछौ कि भनेर,
त्यही आशाले यो मनले ढोका बन्द गर्न सकेन।



लेखक:- बिरेन्द्र कुमार चौधरी
ठेगान:- हरिहरपुर

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | समय सजग र सतर्क भई काम गर्नसके आजको दिन पनि लाभकारी बन्न सक्छ। |
| वृष : | व्यापारमा प्रशस्त फाइदा हुने योग छ । |
| मिथुन : | भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ । |
| कर्कट : | घरायसी सुखको अनुभूति हुनेछ । |
| सिंह : | काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या : | व्यवसायको सिलसिलामा रमाइलो यात्रा हुन सक्छ । |
| तुला : | तर्क र बहसमा पकड भएको राम्रो दिन छ । |
| वृश्चिक : | बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । |
| धनु : | पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ । |
| मकर : | काममा सहयोग लिन दिन सकिने दिन छ । |
| कुम्भः | आर्थिक क्रियाकलापले दुरगामी फाइदा हुनेछ । |
| मीनः | विशेष व्यक्तित्वलाई भेट्ने मौका आउला । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पच्चिस बालबालिकाको उद्धार

काठमाण्डु । भारत लैजाँदै गरेका २५ नेपाली बालबालिकाको उद्धार गरिएको छ।

वनबासबाट भारतीय सीमासुरक्षा बल (एसएसबी) ले उनीहरुको उद्धार गरेको राष्ट्रिय बाल अधिकार परिषद्ले जनाएको छ। परिषद्ले विज्ञप्ति जारी गर्दै उद्धार गरिएका बालबालिकाको उमेर ६ वर्षदेखि



१६ वर्षसम्मका छन् ।

हुम्ला जिल्ला सिमकोट गाउँपालिकाका २४ जना र अछाम जिल्लाको एक जना गरी जम्मा २५ (बालक १६ र बालिका ९) लाई पढाइ दिने भन्दै भारतको देहरादुनतर्फ लैजाँदै गरेको अवस्थामा भेटिएको उल्लेख छ।

उनीहरुलाई भारतीय सीमा सुरक्षा बलले रोकेर नेपाल प्रहरीको जिम्मा लगाएको बताइन्छ। नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले बालबालिकालाई गैरकानूनी ओसारपसार गर्न नपाइने मौलिक हकको संवैधानिक व्यवस्था छ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा (४) को उपदफा (२) को खण्ड (ख) मा अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी वा शक्तिको दुरुपयोग गरी विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई मानव ओसारपसार गरेको मानिन्छ।

त्यसप्रकारको गैरकानुनी काम गर्नेलाई नेपालमा भए एक वर्षदेखि दुईवर्षसम्म कैद र विदेशमा लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद हुने सजायको कानुनी व्यवस्था छ।

बालबालिकासम्बन्धी ऐन, २०७५ ले समेत बालबालिकालाई आफ्ना बाबुआमाबाट अलग गर्न नपाइने र पारिवारिक वातावरणमै हुर्कन पाउने अधिकार सुनिश्चित गरेको छ।

सरकारी निकायको स्वीकृति बेगर बालबालिकालाई गैरकानुनी रुपमा विदेश (भारत) लैजाने व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही गरी बालबालिकालाई सुरक्षित रुपमा परिवारमा पुनर्मिलन गराउन सम्बन्धित सबैमा परिषद्ले अपिल गरेको छ। रासस

## मन्त्रिपरिषद्का १३ निर्णय :

# विपद् प्रभावित परिवारलाई मासिक १५ हजार, तोकियो गहुँको समर्थन मूल्य

काठमाण्डु। सरकारले नेपाल विशेष सेवा (एक्काइसौँ संशोधन) नियमावली, २०८३ स्वीकृत गर्नेदेखि बाढीपहिरो प्रभावित स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नेसम्मका १३ निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले जापान सरकारबाट प्राप्त हुने २९५ मिलियन जापानी येन बराबरको वस्तुगत एवं सेवाजन्य आपत्कालीन अनुदान सहायता र जर्मनीबाट प्राप्त हुने २० मिलियन युरो अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

उहाँका अनुसार मन्त्रिपरिषद्ले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रस्तावमा बुढीगण्डकी विकास प्राधिकरण विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय भएको छ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्तावमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ का प्रारम्भ हुन बाँकी दफामध्ये दफा १७ को खण्ड (ङ), दफा २५ र दफा २६ संवत् २०८३ साल कात्तिक १५ गतेदेखि प्रारम्भ गर्ने निर्णय भएको छ।

कृषि, वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा आर्थिक वर्ष २०८३/८४ का लागि गहुँ बालीको न्यूनतम समर्थन मूल्य



प्रतिक्विन्टल रु ४ हजार १०७ तोक्ने निर्णय भएको छ।

बुढीगण्डकी नदीमा आएको बाढीबाट अति प्रभावित गोरखा जिल्लाका चुमनुब्री गाउँपालिका, धार्चे गाउँपालिका र आरुघाट गाउँपालिका तथा धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिकाका वडा नं. १ र २ लाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय भएको छ।

त्यस्तै, २०८३ असोज ८ गतेदेखि ११ गतेसम्म भएको वर्षाका कारण सिर्जित बाढी तथा पहिरोबाट अति प्रभावित बागलुङको गलकोट नगरपालिका र ढोरपाटन नगरपालिकालाई तीन महिनाको अवधिका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय भएको छ।

बैठकले उक्त स्थानीय तहका क्षतिग्रस्त निजी आवासका प्रभावित परिवारले होल्डिङ सेन्टरमा नबसी निजी टहरोमा अस्थायी बसोबास व्यवस्थापन गर्न चाहेमा वैकल्पिक बसोबासको व्यवस्था नभएसम्म बढीमा छ महिनाका लागि तत्काल राहतस्वरूप बसोबास र जीविकोपार्जनका लागि चार जनासम्मको सदस्य स‍ङ्ख्या भएका परिवारलाई प्रतिपरिवार प्रतिमहिना रु १५ हजार उपलब्ध गराउने निर्णय गरेको छ। त्यस्तै छ जनाभन्दा बढी सदस्य भएका परिवारका लागि प्रतिव्यक्ति प्रतिमहिना थप रु दुई हजार उपलब्ध गराउने निर्णयसमेत भएको छ।

पूर्वाधार विकास मन्त्रालयको प्रस्तावमा सामुद्रिक पारवहन सहयोगसम्बन्धी बिमस्टेक सम्झौता अनुमोदनका लागि सङ्घीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको छ। युवा, श्रम तथा रोजगार मन्त्रालयको प्रस्तावमा राष्ट्रिय रोजगारसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय भएको छ।

त्यसैगरी, कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) (चौथो संशोधन) आदेश, २०८३ र दाना पदार्थ (दोस्रो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय भएको छ। पशु वधशाला र मासु जाँच ऐन, २०५५ तथा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेका विधेयक सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको छ।

बैठकले आर्थिक वर्ष २०८१/८२ को व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णयसमेत गरेको छ। रासस

# भूमिहीन दलित तथा अव्यवस्थित परिवारको हातमा जग्गाधनी पुर्जा

काठमाण्डु । विभिन्न जिल्लाका भूमिहीन दलित तथा अव्यवस्थित परिवारले जग्गाधनी पुर्जा (लालपुर्जा) प्राप्त गरेका छन् ।

चितवन, झापा र रुपन्देहीका ५७ भूमिहीन सुकुमवासी, भूमिहीन दलित तथा अव्यवस्थित परिवार लालपुर्जा पाएसँग जग्गाधनी बनेका छन् । सम्बन्धित जिल्लाको भूमि



समस्या समाधान समितिले उनीहरूलाई लालपुर्जा वितरण गरेको हो ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलको सचिवालयका अनुसार चितवनको इच्छाकामना गाउँपालिका-७ का ३२ भूमिहीन सुकुमवासी र १ भूमिहीन दलित परिवारले लालपुर्जा प्राप्त गरेका छन् ।

त्यस्तै, झापाको अर्जुनधारा नगरपालिका-११ का ७ अव्यवस्थित बसोबासी परिवारलाई लालपुर्जा वितरण गरिएको छ ।

यसैगरी, रुपन्देहीको गैडहवा गाउँपालिका-८ र ९ का १४ भूमिहीन दलित तथा दुई भूमिहीन सुकुमवासी परिवारले जग्गाधनी पुर्जा पाएका छन् ।

लामो समयदेखि आफ्नो नाममा जग्गाको स्वामित्व नपाएका स्थानीयले जग्गाधनी पुर्जा प्राप्त गरेपछि ५७ परिवार कानुनी रूपमा जग्गाधनी बनेका छन् । सरकारले भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानलाई उच्च प्राथमिकतामा राख्दै देशभर लालपुर्जा वितरण कार्यलाई अघि बढाएको छ ।

मन्त्री रावलले कानुनी अड्चन नरहेकाले भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानमा सरकार प्रतिबद्ध रहेको जानकारी दिनुभयो । रासस

## गाउँ झिलीमिली:

# मुसहर बस्ती भने अँध्यारोमा

जनकपुरधाम । गाउँबस्तीमा उज्ज्यालोनै छ, तर मुसहर बस्तीका मुसहर समुदायका सदस्यहरु भने अँध्यारोमा बस्न बाध्य छन् ।

सप्तरीको बोदेबरसाइन नगरपालिका-५ जाँजररस्थित मुसहर समुदायका सदस्यले बिजुली बत्तीको बक्यौता भुक्तानी नगरेकाले विद्युत् प्राधिकरणले लाइन काटिदिएका कारण अँध्यारोमा नै बास्न बाध्य भएका हुन् ।

दशैंमा घर उज्यालो बनाउने, परिवारसँग बसेर खुसी साटासाट गर्ने र चाडपर्व मनाउने रहर सबैको हुन्छ। तर, आर्थिक अवस्था कमजोर भएका कारण विद्युत् महसुल तिर्न नसकेका मुसहर बस्तीका परिवारका लागि यस वर्षको दशैं अन्धकारमै बितिरहेको छ।



गाउँका अन्य घरमा बत्तीको उज्यालो देखिए पनि मुसहर बस्तीमा भने रात परेसँगै अँध्यारो छाउने गरेको छ। नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र बोदेबरसाइनले लामो समयदेखि विद्युत् महसुल नबुझाएको भन्दै गत असोज १६ गते बस्तीको विद्युत् लाइन काटेको थियो ।

"विद्युत् प्राधिकरणले बिना सूचना एकैपटकमा विद्युत्को लाइन काटिदियो," स्थानीय रामचन्द्र सदाले भन्नुभयो, "हाम्रो बस्तीका सबैको लाइन काटिएपछि हामी पछिल्लो १५ दिनदेखि अन्धकारमा छौं।"

उहाँका अनुसार दिनको समयमा उज्यालो हुने भएकाले त्यति धेरै समस्या महसुस हुँदैन । तर, रात परेपछि भने सामान्य काम गर्न पनि कठिन हुन्छ । मोबाइलमा उज्यालो बालेर काम गर्नुपर्ने र आवश्यक पर्दा अरूको सहयोग लिनुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो ।

विद्युत् लाइन काटिएपछि मुसहर बस्तीका स्थानीयलाई मोबाइल चार्ज गर्नसमेत समस्या भएको छ । मोबाइल अहिले सञ्चारको माध्यम मात्र नभई दैनिक जीवनको आवश्यक साधन बनेको छ । तर, बस्तीमा विद्युत् नहुँदा मोबाइल चार्ज गर्न अरूको घरमा जानुपर्ने अवस्था रहेको स्थानीय शम्भु सदाले बताउनुभयो ।

"बस्तीमा विद्युत् नहुँदा मोबाइल चार्ज गर्नसमेत अरूको सहयोग माग्नुपर्छ," उहाँले भन्नुभयो । विद्युत् अभावले रातिको समयमा बालबालिकाको पढाइ, घरायसी काम र सञ्चार सम्पर्कमा समेत असर परेको अर्का स्थानीय छेछ्न सदाको भनाइ छ ।

विद्युत् लाइन काटिएपछि बस्तीका परिवारको दैनिक जीवन थप कष्टकर बनेको छ । दशैंका बेला गाउँका अन्य घरमा बत्ती बल्दा आफ्नो बस्ती अन्धकारमा रहनुपरेको अवस्थाले स्थानीयवासीलाई थप दुःखी बनाएको छ ।

चाडपर्वमा घर उज्यालो बनाउने चाहना भए पनि आर्थिक अभावका कारण उहाँहरूले त्यसो गर्न सक्नुभएको छैन । मुसहर बस्तीका स्थानीयवासीको प्रतिघर रु पाँच हजारदेखि सात हजारसम्म विद्युत् महसुल बक्यौता रहेको छ । आर्थिक अवस्था कमजोर भएका कारण उक्त रकम एकमुष्ट बुझाउन नसकेको स्थानीय रामचन्द्र सदाले बताउनुभयो ।

दैनिक ज्यालामजदुरी तथा सामान्य आयस्रोतमा निर्भर परिवारका लागि एकैपटक हजारौँ रुपैयाँ जुटाउनु चुनौतीपूर्ण बनेको छ। विद्युत् महसुल तिर्नुपर्ने दायित्व रहे पनि आर्थिक अभावका कारण बक्यौता रकम बुझाउन नसकिएको उहाँको भनाइ छ ।

विद्युत् महसुल तिर्न नसक्नु र विद्युत् सेवाबाट वञ्चित हुनुले गरिब परिवारको जीवनमा थप कठिनाइ सिर्जना गरेको छ । चाडपर्वको समयमा विद्युत् सेवा बन्द हुँदा उहाँहरूको दैनिकीसँगै चाडपर्व मनाउने उत्साहसमेत प्रभावित भएको छ।

यता, विद्युत् प्राधिकरण वितरण केन्द्र बोदेबरसाइनका प्रमुख अनिल चौधरीले लामो समयदेखि स्थानीयवासीले विद्युत् महसुल नबुझाएका कारण लाइन काटिएको बताउनुभयो ।

उहाँका अनुसार विद्युत् लाइन पुनः जडानका लागि हालसम्म बस्तीका कोही पनि सम्पर्कमा आएका छैनन् भन्नुहुन्छ। प्राधिकरणले विद्युत् उपभोग गरेबापतको महसुल बुझाउनुपर्ने बताउँदै आएको छ । अर्कोतर्फ, आर्थिक रूपमा कमजोर परिवारले एकैपटक बक्यौता रकम बुझाउन नसक्दा विद्युत् सेवाबाट वञ्चित हुनुपरेको अवस्था छ ।रासस

# नेपाल प्रहरी जनताको सेवा र विधिको शासनप्रति सदैव प्रतिबद्ध छ : महानिरीक्षक कार्की

काठमाण्डु । नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले नेपाल प्रहरी जस्तोसुकै कठिन परिस्थितिमा पनि आफ्नो मूल दायित्व, जनताको सेवा, समुदायको सुरक्षा, विधिमा आधारित शासनको सुनिश्चितता र नागरिकको विश्वास अभिवृद्धिप्रति सदैव प्रतिबद्ध रहेको बताउनुभएको छ।

एकत्तरौँ प्रहरी दिवसका अवसरमा शुक्रबार यहाँ आयोजित कार्यक्रममा अमर प्रहरीको बलिदानप्रति उच्च सम्मान व्यक्त गर्दै महानिरीक्षक कार्कीले वर्तमान पुस्ताको कर्तव्यनिष्ठा र समर्पणलाई थप मजबुत बनाउने तथा भावी पुस्ताका लागि सक्षम, स्वस्थ, उत्तरदायी र प्रविधिमैत्री सङ्गठन निर्माण गर्ने सङ्कल्प गर्नुभयो।

उहाँले नेपाल प्रहरीको सात दशकभन्दा लामो यात्रामा सङ्गठनका एक हजार ७९८ जना वीर प्रहरी कर्मचारीले राष्ट्र र नागरिक सुरक्षाका खातिर जीवनको आहुति दिएको जानकारी दिनुभयो।

राष्ट्र र नागरिकको सेवाका क्रममा जीवन उत्सर्ग गर्नुहुने ती सम्पूर्ण अमर प्रहरीप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै महानिरीक्षक कार्कीले अमर प्रहरी परिवारजन एवं सन्ततिप्रति उच्च सम्मानभाव व्यक्त गर्नुभयो।



उहाँले कर्तव्यपालनको सिलसिलामा घाइते तथा अशक्त हुनुभएका प्रहरी कर्मचारीको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो। अमर प्रहरीको समर्पण र बलिदानलाई प्रहरी सङ्गठन र सकल दर्जाले सदैव गौरवका साथ स्मरण गरिरहने उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "नेपाल प्रहरी सङ्गठनको श्रीवृद्धिका लागि राष्ट्रसेवामा आफ्नो जीवनको सर्वाधिक ऊर्जाशील समय समर्पित गर्नु भई सेवानिवृत्त हुनुभएका सम्पूर्ण अग्रज प्रहरी कर्मचारीमा यहाँहरूको अथक परिश्रम, योगदानको उच्च कदर तथा स्मरण गर्दै हार्दिक कृतज्ञता व्यक्त गर्दछु।"

महानिरीक्षक कार्कीले भोटेकोशी-त्रिशूलीको महाविपत्ति नेपाल प्रहरीको संस्थागत स्मृतिमा पीडा, साहस र कर्तव्यनिष्ठाको गहिरो अध्याय बनेर अङ्कित भएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "विनाशकारी बाढी, जोखिमपूर्ण भूगोल, क्षतिग्रस्त सडक तथा पुल, सञ्चार अवरोध र निरन्तर बदलिँदो मौसम तथा जलवायु परिवर्तनका बीच नेपाल प्रहरी अन्य सुरक्षा निकायसँगै खोज, उद्धार, सुरक्षा, व्यवस्थापन, सूचना सङ्कलन र मानवीय सहायतको अग्रपङ्क्तिमा निरन्तर खटिन्छन् ।रासस


## भूमि प्रशासन कार्यालय, गौर, रौतहट

### मोहियानी हकदावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही राम धारी राय यादवको नाम मरुवा मोही लगत कटा गरी पाउँ भनी कार्यवाहीको क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मरुवा मोही लगतकटा गर्न नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

**तपसिल**

| ज.ध. को नाम | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| पुनिता देवी | रौ. | फतुवा हर्साहा | ३ | १६/२७९ | ०-९-१५ |
| पुनिता देवी | रौ. | फतुवा हर्साहा | ३ | ३६/२२४ | ०-८-१० |

मरुवा मोही राम धारी राय यादव मौ. हर्साहा



## Hanspur Municipality
## Office of the Municipal Executive
### Baghachauda, Dhanusha
### Madhesh Province, Nepal
### Invitation for Bids

**First Date Of Publication: 30thAshwin, 2083(16/10/2026)**

1. Hanspur Municipality, Office of The Municipal Executive.Baghachauda, Dhanusha invites Sealed Bid from the eligible and qualified registered bidders for the procurement of following works under National Competitive Bidding (NCB), name and Contract identification number are mentioned below though the details are in the bidding document.

| S. N. | Contract identification No. | Description of work | Estimated amount including all taxes and contingencies | Bid document fees NRs. | Bid security amount | Bid submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | HAN/MUN/DHA/ NCB/WORKS/ 01/2083-084 | नगरपालिकाको प्रशासनिक भवननिर्माण(Construction of Municipal Building) | 1,00,00,000.00 | 3000/- | 280,000.00 | 20th Kartik, 2083 (12:00 hour) | 20th kartik, 2083 (13:00 hours) |

2. For further information please visit Hanspur Municipality, Dhanusha during Office Hours. Any amendment in notice or bid document will be posted in notice of this office website hansapurmun.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the Hanspur Municipality Office, Dhanusha by eligible Bidders on the submission of a written application, along with the Certified copy of company/firm registration certificate, VAT Reg. Certificate , Tax Clearance Certificate up to F.Y. 082/083 or Time extension Letter.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** NMB Bank Ltd.

**Name of Office :** Hanspur Municipality, Baghachauda, Dhanusha

**Office Account no.:** 1170073463800019

**Shirshak no. :** Antarik Rajaswo Khata Ga-1-1

4. If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and public procurement Regulations 2064, the provision of this document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

**Chief Administrative Officer**

# धानमा विभिन्न रोगको संक्रमण फैलिएपछि किसानहरु चिन्तित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाका किसानहरु धानमा विभिन्न रोगको संक्रमण फैलिएपछि यस वर्ष उत्पादन घट्ने चिन्तामा परेका छन् ।



रोपाइँ भएको धानबालीमध्ये करिब १० प्रतिशतभन्दा बढीमा रोगको प्रकोप देखिएकाले यस वर्ष उत्पादनमा गिरावट आउन सक्ने अनुमान गरिएको छ । जिल्लामा सामान्यतया करिब ४३ हजार ७ सय हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएकोमा यस वर्ष ४० हजार ५ सय १५ हेक्टरमा मात्र रोपाइँ भएको छ । रोपाइँ भएको क्षेत्रफलमा समेत रोगको संक्रमण देखिएपछि किसान थप चिन्तित बनेका हुन् ।

कृषि ज्ञान केन्द्र धनुषाका बाली विकास अधिकृत मिथिलेश साहले यस वर्ष जिल्लामा ९५ प्रतिशत रोपाइँ भएको जानकारी दिए । उनले भने, 'अहिले धानबालीमा कीरा तथा रोगको प्रकोप बढी देखिएको छ । रोगव्याधिले धैरै क्षति नगरेको भए उत्पादन राम्रै हुन सक्थ्यो, तर अहिले स्थिति चुनौतीपूर्ण बनेको छ ।'

कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख प्रदीप यादवका अनुसार जिल्लाका विभिन्न स्थानमा लगाइएको धानबालीमा 'राइस ब्लास्ट', ' ब्राउन लिफ स्पट' र 'सिथ ब्लाइट' रोगको संक्रमण पुष्टि भएको छ । उनले धानबालीमा रोगको संक्रमण देखिएकाले किसानलाई नियमित रूपमा खेतबारीको अनुगमन गर्न र लक्षण देखिनासाथ कृषि प्राविधिकसँग परामर्श लिन आग्रह गरेका छन् ।

रोगको सही पहिचान गरी प्राविधिकको सिफारिसअनुसार मात्रै विषादी प्रयोग गर्नुपर्नेमा जोड दिँदै उनले भने, 'अहिले रोग र कीराको प्रकोप देखिएको धान नेपालमा दर्ता भएको जात होइन । बढी उत्पादन दिने नाममा किसानले जथाभावी 'सोना मन्सुली' जातको धान लगाउँदा यस्तो समस्या देखिएको हो ।' प्रमुख यादवले करिब १० प्रतिशत धानमा रोगव्याधिको प्रकोप बढी देखिएकाले यस वर्ष उत्पादनमा ह्रास आउन सक्ने बताए । कृषि ज्ञान केन्द्रले रोग नियन्त्रणका लागि 'कारटाप हाइड्रोक्लोराइड' नामक विषादी प्रयोग गर्न सुझाव दिएको छ । तर, रोगअनुसार विषादीको छनोट, मात्रा र प्रयोग विधि फरक हुन सक्ने भएकाले प्राविधिकको सल्लाह लिनु आवश्यक रहेको केन्द्रको भनाइ छ ।

राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथका सूचना अधिकारी रवीन्द्रप्रसाद साहले मधेस प्रदेशमा अधिकांश क्षेत्रमा 'सोना मन्सुली' जातको धान लगाइने गरेको बताए । नेपालमा दर्ता नभएको र भारत तथा सीमावर्ती क्षेत्रबाट ल्याएर लगाइने भएकाले नै यसमा रोगव्याधिको जोखिम बढी हुने उनको भनाइ छ । उनले भने, ' हामीले नेपालमा दर्ता (रजिस्टर्ड) भएका जात मात्र लगाउन किसानसँग आग्रह गर्दै आएका छौं, तर किसानहरूले आफूखुसी लगाउँदा समस्यामा पर्ने गरेका छन् ।'

उनका अनुसार धानबाली अनुसन्धान कार्यक्रमले भौगोलिक अवस्था, मौसम, हावापानी र रोगव्याधिको जोखिमको विस्तृत अनुसन्धान गरेर मात्र जातहरू सिफारिस गर्ने गर्दछ । सिफारिस गरिएका जातहरूमा रोग-कीराको संक्रमण तुलनात्मक रूपमा निकै कम हुने भएकाले किसानमाझ यसबारे व्यापक प्रचारप्रसार गर्नुपर्नेमा उनले जोड दिए ।

धानको पातमा असामान्य दाग देखिनु, बोट ओइलाउनु र बालीको वृद्धि रोकिनु रोग संक्रमणका सम्भावित लक्षण भएकाले यस्तो देखिनासाथ समयमै नियन्त्रणका उपाय अपनाउन विज्ञहरुको सुझाव छ ।

# शान्ति सुरक्षामा प्रहरीको योगदान अतुलनीय : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले शान्ति सुरक्षा, अपराध नियन्त्रण, सडक सुरक्षा तथा विपद् व्यवस्थापनमा नेपाल प्रहरीको योगदान अतुलनीय रहेको बताएका छन् ।



प्रहरी स्थापना दिनवसको अवसरमा शुक्रवार जनकपुरधाममा आयोजित एक कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले यस्तो बताएका हुन ।

उनले भने नेपाल-भारत खुला सीमानाका कारण सिर्जित हुनसक्ने सीमा अपराध, लागूऔषध ओसारपसार, अवैध हातहतियारको तस्करी तथा मानव बेचबिखन जस्ता आपराधिक गतिविधि नियन्त्रणमा प्रहरीले थप संवेदनशील र सतर्क भएर काम गर्नु जरुरी छ ।

बदलिँदो समयसँगै थपिएका नयाँ प्रकृतिका अपराध नियन्त्रणका लागि नेपाल प्रहरीलाई समयसापेक्ष र प्रविधिमैत्री बनाउनु आवश्यक रहेको धारणा राख्दै मुख्यमन्त्री यादवले प्रदेश प्रहरीको मनोबल उच्च राख्न प्रदेश सरकारले निरन्तर सहयोग गर्दै आएको बताए ।

हालै विराटनगरमा सम्पन्न मुख्यमन्त्रीहरूको सम्मेलनले संविधानले प्रदान गरेको प्रहरीसम्बन्धी अधिकार प्रदेशमा स्थापित गर्न शीघ्र प्रहरी समायोजन हुनुपर्ने निष्कर्ष निकालेको उल्लेख गर्दै उहाँले दशैं, तिहार र छठ पर्वपछि यस विषयमा सङ्घ सरकारलाई थप दबाब दिने जानकारी दिए ।

कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले शान्ति सुरक्षा कायम गर्न र कानुनी शासनको प्रत्याभूति दिलाउन प्रहरीको महत्त्वपूर्ण भूमिका रहेको भने ।

उनले प्रदेशमा शान्ति सुव्यवस्था सुदृढ बनाउन मधेश प्रदेश सरकारले प्रहरीको भौतिक पूर्वाधार निर्माण तथा स्रोत-साधन व्यवस्थापनका लागि वार्षिक रूपमा बजेट र सहयोग उपलब्ध गराउँदै आएको बताए ।

यस्तै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले नेपाली जनताको घरदैलोमै पहुँच रहेको नेपाल प्रहरीले मुलुकको शान्ति सुरक्षाका क्षेत्रमा पुर्‍याएको योगदान सराहनीय रहेको भनी प्रशंसा गरे ।

समारोहमा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारी तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । सो अवसरमा मधेश प्रदेशभर सर्वोत्कृष्ट कार्य गर्ने प्रहरी निरीक्षक विश्वम्भरनाथ साहलाई मुख्यमन्त्री यादवले दोसल्ला ओढाएर सम्मानपत्रसहित सम्मानित गरेका थिए ।

त्यसैगरी, महिला हिंसाविरुद्ध सचेतनामूलक टिकटक भिडियो निर्माणमा प्रथम हुन सफल सप्तरीका कलाकार जुगेश्वर यादव, विपद् व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने मौलापुर, रौतहटमा कार्यरत प्रहरी निरीक्षक भरत केसीलाई नगद तथा सम्मानपत्रसहित सम्मानित गरिएका थियो ।

# स्वास्थ्यका विभिन्न पदमा विज्ञापन

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्य क्षेत्रका विभिन्न पदमा मधेश प्रदेशमा विज्ञापन गरिएको छ। मधेस प्रदेश सरकारअन्तर्गतको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय जनकपुरधाम र संघीय सरकार अन्तर्गत रहेका सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा विभिन्न कर्मचारीको विज्ञापन खुला गरेको हो ।




स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आ.व. २०८३/०८४ को असार मसान्तसम्मका लागि करार सेवामा कर्मचारी पदपूर्ति गर्न दरखास्त आह्वान गरेको छ । मन्त्रालयले शुक्रबार प्रथम पटक सूचना प्रकाशित गर्दै इच्छुक तथा योग्य नेपाली नागरिकहरूबाट १५ दिनभित्र दरखास्त पेस गर्न आह्वान गरेको हो ।

स्थायी कर्मचारी पदपूर्ति भएको अवस्थामा स्वतः खारेज हुने गरी यी पदहरूमा पदपूर्ति गर्न लागिएको मन्त्रालयले जनाएको छ। विभिन्न पदअनुसार परीक्षाको किसिम अन्तर्वार्ता तथा सीप परीक्षण वा लिखित तथा अन्तर्वार्तामार्फत हुने मन्त्रालयले जनाएको छ ।

उम्मेदवारको उमेरको हद प्रदेश निजामती सेवा ऐन, २०७७ (मधेस प्रदेश) मा उल्लेख भएबमोजिम हुनेछ भने शैक्षिक योग्यता प्रदेश लोकसेवा आयोग (मधेस प्रदेश) मा उल्लेख भएअनुसार हुनुपर्नेछ । यस पदपूर्तिका लागि कुनै पनि दरखास्त दस्तुर लाग्ने छैन अर्थात् दरखास्त निःशुल्क रहेको छ । उम्मेदवारहरूले एस.एल.सी. देखि न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, सम्बन्धित काउन्सिलको दर्ता/नवीकरण प्रमाणपत्र, समकक्षता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र आफैंले प्रमाणित गरी पेस गर्नुपर्नेछ ।

यस्तै गजेन्द्र नारायण सिंह अस्पतालले विभिन्न पदमा करार सेवामा पदपूर्तिको लागि दरखास्त आह्वान गरेको छ ।

अस्पतालले शुक्रबार प्रथम पटक सूचना प्रकाशित गर्दै प्रचलित कानूनबमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र रीतपूर्वक दरखास्त पेस गर्न आह्वान गरेको हो।

अस्पतालले कन्सल्टेन्ट जनरल फिजिसियन, एनेस्थेसियोलोजिस्ट, साइकियाट्रिस्ट, रेडियोलोजिस्ट, नेफ्रोलोजिस्ट, कार्डियोलोजिस्ट, पेडियाट्रिसियन, ई.एन.टी. सर्जन, अर्थोपेडिक सर्जन, डर्माटोलोजिस्ट, सर्जन, अब्स्टेट्रिक्स एण्ड गाइनेकोलोजिस्ट, अप्थालमोलोजिस्ट, फरेन्सिक मेडिसिन अधिकृत, कन्सल्टेन्ट मेडिकल जनरलिस्ट, मेडिकल अधिकृत, स्टाफ नर्स, डेन्टल सर्जन, फिजियोथेरापिस्ट, बायोमेडिकल इन्जिनियर, डायटाइसिसन, सूचना प्रविधि अधिकृत, डेन्टल हाइजिनिस्ट र एनेस्थेसिया असिस्टेन्ट गरी २४ भन्दा बढी पदका लागि कुल ८० जना जनशक्तिको माग गरेको छ ।

उम्मेदवारको छनोट लिखित र अन्तर्वार्ता परीक्षाको माध्यमबाट हुनेछ। सेवा सुविधा तथा तलब भत्ता नेपाल सरकारले तोकेबमोजिम हुने अस्पतालले जनाएको छ। उम्मेदवारहरूले गजेन्द्र नारायण सिंह अस्पताल राजविराजको प्रशासन शाखामा फाराम बुझाउन सक्नेछन् भने फाराम लोकसेवा आयोगको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।

सूचनामा उल्लेख नभएका अन्य जानकारीका लागि अस्पतालको वेबसाइट, फेसबुक पेजमा विज्ञापन सम्बन्धी पूर्ण विवरण हेर्न सकिने जनाइएको छ ।

# मधेश प्रदेशमा इन्स्पेक्टर अरबिन्द साह उत्कृष्ट

**टुडे समाचारदाता**

रौतहट। अपराध अनुसन्धानमा व्यावसायिक दक्षता, इमानदारी र उत्कृष्ट कार्यसम्पादन प्रदर्शन गरेको कदरस्वरूप धनुषाका प्रहरी निरीक्षक (इन्स्पेक्टर) अरबिन्द कुमार साह मधेश प्रदेशकै 'उत्कृष्ट अनुसन्धानकर्ता' घोषित भएका छन् ।



७१ औं प्रहरी दिवस-२०८३ को अवसरमा मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामले साहलाई उत्कृष्ट अनुसन्धानकर्ताका रूपमा सम्मान गरेको हो। जिल्ला प्रहरी कार्यालय धनुषाको अपराध अनुसन्धान तथा अभियोजन शाखामा कार्यरत साहले अनुसन्धानलाई प्रभावकारी बनाउन र अभियुक्तलाई कानुनी दायरामा ल्याउन पुर्‍याएको योगदानको मूल्यांकन गर्दै उनलाई उक्त सम्मान प्रदान गरिएको जनाइएको छ ।

शुक्रबार आयोजित विशेष समारोहमा मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले साहलाई प्रशंसापत्र तथा पुरस्कार प्रदान गरेका थिए। मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) ओमप्रसाद अधिकारीद्वारा हस्ताक्षरित प्रशंसापत्रसहित उनलाई सम्मान गरिएको हो ।

अपराध अनुसन्धान प्रहरी संगठनको महत्त्वपूर्ण जिम्मेवारीमध्ये एक हो। घटनाको तथ्य पत्ता लगाउने, प्रमाण संकलन गर्ने, दोषीलाई कानुनी प्रक्रियामा ल्याउने र अभियोजनलाई प्रभावकारी बनाउने कार्यमा साहले देखाएको सक्रियता तथा व्यावसायिक प्रतिबद्धतालाई सम्मानको आधार बनाइएको बताइएको छ ।

सम्मानपछि साहलाई डीआईजी अधिकारीसहित समारोहमा उपस्थित वरिष्ठ प्रहरी अधिकारीहरूले बधाई तथा शुभकामना दिएका थिए। उनीहरूले आगामी दिनमा पनि उच्च व्यावसायिक दक्षता, इमानदारी र जिम्मेवारीबोधका साथ कार्यसम्पादन गर्न प्रेरित गरेका थिए ।

प्रहरी दिवसको अवसरमा प्रदान गरिएको यस सम्मानले अपराध अनुसन्धानमा खटिने प्रहरी कर्मचारीको मेहनत र योगदानको कदर गर्नुका साथै संगठनभित्र उत्कृष्ट कार्यसम्पादन तथा व्यावसायिक निष्ठालाई प्रोत्साहन गर्ने विश्वास गरिएको छ ।

# टिकटकमा हतियार प्रदर्शन गर्ने पक्राउ

**टुडे समाचारदाता**

रौतहट । सामाजिक सञ्जाल टिकटकमा धारिलो हतियार प्रदर्शन गर्दै आफूलाई 'किङ अफ रौतहट' का रूपमा प्रस्तुत गर्ने एक युवकलाई प्रहरीले पक्राउ गरेको छ। अनलाइनमार्फत आपत्तिजनक सामग्री सार्वजनिक गरी समाजमा डर र त्रास फैलाएको




आरोपमा रौतहट प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा राजदेवी नगरपालिका-१ निवासी २२ वर्षीय श्याम कुमार महतो रहेका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार उनलाई असोज २८ गते राति करिब ९ बजे गौर नगरपालिका-४ बाट पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार महतोले टिकटकमा धारिलो हतियार बोकेका तस्बिर तथा भिडियो पोस्ट गर्दै 'प्ल्लन इा च्बगतबजबत', 'च्बगतबजबत प्ल्लन बधिबथक इल त्यउ' र 'क्थकतभ द्यजबष' जस्ता अभिव्यक्ति सार्वजनिक गर्ने गरेका थिए। उनका यस्ता गतिविधिले सामाजिक सद्भावमा असर पार्न सक्ने तथा शान्ति सुरक्षामा चुनौती उत्पन्न हुन सक्ने आकलनपछि प्रहरीले निगरानी बढाएको थियो ।

सामाजिक सञ्जालमा सार्वजनिक गरिएका सामग्रीको निगरानी तथा अनुसन्धानका क्रममा महतोको पहिचान गरी पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरीको क्रिमिनल रेकर्ड सिस्टममा गरिएको जाँचका क्रममा महतोको नाममा विभिन्न मितिमा चोरी, अभद्र व्यवहार र ज्यान मार्ने उद्योगलगायतका पाँचवटा मुद्दा चलेको देखिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमले जानकारी दिएका छन् ।

सामाजिक सञ्जालमा हतियार प्रदर्शन गर्ने र उच्छृङ्खल अभिव्यक्ति दिने गतिविधिमाथि प्रहरीले निगरानी बढाइरहेको जनाएको छ। पक्राउ परेका महतोमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# मुख्यन्यायाधिवक्ताले पेश गरे वार्षिक प्रतिवेदन




**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८२/८३ को आफ्नो कार्यालयबाट सम्पादन गरिएका कामकारबाही समेटिएको वार्षिक प्रतिवेदन मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता डा. सुनिल रञ्जन सिंहले प्रदेश प्रमुखसमक्ष पेस गरेका छन् ।

मुख्य न्यायाधिवक्ता सिंहले शुक्रबार मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णसमक्ष वार्षिक प्रतिवेदन पेस गरेका हुन् । प्रदेश प्रमुखको कार्यालयले जारी गरेको विज्ञप्ति अनुसार मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७५ को दफा १३ मा भएको व्यवस्थाबमोजिम प्रतिवेदन पेस गरिएको हो ।

प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा मुख्य न्यायाधिवक्ताको कार्यालयले सम्पादन गरेका कामकारबाही समेटिएका छन् । यद्यपि, प्रदेश प्रमुखको कार्यालयले जारी गरेको विज्ञप्तिमा प्रतिवेदनमा समेटिएका कामको विस्तृत विवरण सार्वजनिक गरिएको छैन ।

मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश सरकारलाई कानुनी राय तथा परामर्श दिने र प्रदेश सरकारका तर्फबाट विभिन्न कानुनी प्रक्रियामा प्रतिनिधित्व गर्ने निकाय हो । वार्षिक प्रतिवेदन पेस गर्नु कार्यालयका कामकारबाहीको विवरण औपचारिक रूपमा प्रस्तुत गर्ने प्रक्रियाको हिस्सा हो ।

# भारतीय गाडी दुर्घटनामा एकको मृत्यु



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा भारतीय नम्बर प्लेटको कार दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

जिल्लाको पर्सा गाउँपालिका-२ स्थित बाँके पुलमा बिहीबार दिउँसो कार दुर्घटना हुँदा महोत्तरीको गौशाला नगरपालिका-५ का २४ वर्षीय चालक विकल साहको मृत्यु भएको जनाइएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एसपी रविन्द्रनाथ पौडेलका अनुसार, महोत्तरीबाट सदरमुकाम मलंगवातर्फ आउँदै गरेको बी आर ०६ बी ए क्स ०४३५ नम्बरको कार अनियन्त्रित भएर दुर्घटनामा परेको थियो । दुर्घटनामा कारमा सवार गौशाला नगरपालिका-४ का शम्भुनाथ कुमार साह र शुभम कुमार शर्मा सामान्य घाइते भएका छन् ।

उनीहरूको उपचार भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनाको कारण खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८